# आयुर्वेदिक मातृशिशु अन्तर्क्रिया कार्यक्रम २०७७/०७८ को

# कार्यक्रम प्रगति प्रतिवेदन

**१ . पृष्ठभूमी :**

आयुवैद चिकित्सा हाम्रो मौलिक चिकित्सा पद्दती हो ।मानव सभ्यता संगै मानव स्वास्थ्य संरक्षण र संर्वधनका लागि यसको अहम् भुमिका छ । आयुवैद चिकित्सा पद्दतीमा पनि मातृशिशु स्वास्थ्यलाई अग्र पंक्तिमा राखिएको छ । मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषण जन्य रोगवाट बचाउन, सुत्केरी महिलामा पर्याप्त दुध बढाँउन शतावरी चुर्णको प्रयोग तथा वितरण सम्बन्धि, महिला स्वंयसेविका,जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुलाई तथा सुत्केरी आमाहरुलाई मातृशिशु सुरक्षार्थक अन्तक्रिया कार्यक्रम अन्तर्गत शतावरी चुर्ण,दशमुल तेल,अजवापन चुर्ण जस्ता औषधि वितरण गरी कार्यक्रम सम्पन्न गरियो ।

**२ . लक्ष्य तथा उद्देश्य :-**

क) आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने ,

ख) स्तनपानको महत्व बारे स्तनपायी महिलाहरुलाई जनचेतनामुलक स्वास्थ्य शिक्षा प्रदान गर्ने ,

ग) शिशु मृत्युदर घटाउने ,

घ) आयुवैद स्वास्थ्य सेवाको जनचेतना जगाउने ,

ङ) आमा र बच्चाको शरिरीक र मानसिक बिकासमा सहयोग पुर्याउने ।

**३ . सञ्चालन भएको स्थान :-** प्रत्येक वडाको स्वास्थ्य संस्थामा ।

**४ . सञ्चालन भएको समयावधी :-**२०७७/०८/१९ देखि २०७७/०८/०२५ सम्म ।

**५ . लाभान्वित समुदाय / जनसङ्ख्या :-**महिला स्वास्थ्य स्वंयसेविका ,स्वास्थ्य कर्मी,जनप्रतिनिधि र स्तनपायी महिला ।

**६ . सम्पादित क्र्रयाकलाप :-**

क) शतावरी चुर्णको परिचय,प्रयोग र महत्वको वारेमा छलफल गरियो ,

ख) स्तनपानको महत्व तथा फाइदाको वारेमा छलफल गरियो ,

ग) दशमुल तेल,अजवायन चुर्णको प्रयोग तथा फाइदाको वारेमा छलफल गरियो ,

घ) आयुवैद औषधालयबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी गराइयो ।

ङ)मातृ शिशु सुरक्षा अन्तरक्रिया कार्यक्रम अन्तरगत १४१ जना सुत्केरी आमाहरुलाई स्तनपायी दुग्धवर्धक औषधी वितरण गरियो

## ७ . खर्च भएको रकम :-

| क्र.सं. | विवरण | परिमाण | दर | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | औषधि खरिद | - | - | १०१०००/- | |
| २ | ब्यानर | ९ | ५०० | ४५००/- | |
| ३ | सगभागी खाजा | २१४ | १२० | २५६५०/- | |
| ४ | भ्रमण खर्च | - | - | २४८६०/- | |
| ५ | प्रशिक्षण भत्ता | ९ | १००० | ९०००/- | |
| ६ | का.स. भत्ता | ९ | ५०० | ४५००/- | |
| ७ | अनुगमन खर्च | - | - | ११०००/- | |
| ८ | प्रशिक्षक मसलन्द/ विवघ खर्च | - | - | ३४६० | |
| | | | | **१८४०००** | |

मातृशिशु अन्तर्क्रिया कार्यक्रमअन्तर्गत औषधी वितरण गरेको तस्बीरहरु





मातृशिशु अन्तर्क्रिया कार्यक्रमअन्तर्गत औषधी वितरण गरेको तस्बीरहरु







## ८ .अपेक्षित परिमाण :-

क) शतावरी चुर्ण,दशमुल तेलको प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार ,

ख) स्तनपान गराउने तरिकाको सहि ज्ञान भएको ,

ग) महिला स्वास्थ्य स्वंयसेविकाहरु ,जनप्रतिनिधि तथा सुत्केरीहरुलाई आयुवैद सम्बन्धि ज्ञान भएको ।

## ९ . निष्कर्ष :-

यस अन्तर्क्रिया कार्यक्रममा छलफल गरिएको आयुवैदिक औषधि शतावरी चुर्ण,दशमुल तेल र अजवायन चुर्ण प्रयोगले स्तनपायी महिलाहरुको स्वास्थ्यमा सुधार हुने भनि निष्कर्ष निकालियो ।

| तयार गर्ने | चेक गर्ने | प्रमाणीत गर्ने |
|---|---|---|